Regd. No. 981/066-67 Ktm.
NATIONAL CAMPAIGN FOR EDUCATION - NEPAL
(NCE-Nepal)
Babarmahal, Kathmandu
Phone : 6203009
Ref. No.

# बागमति प्रदेश शिक्षा नीति-२०७७ लाई एनसिई नेपालका तर्फबाट नागरिक सुझाब

**श्री माननीय मन्त्रीज्यू,**
**सामाजिक विकास मन्त्रालय**
**बागमति प्रदेश, हेटौडा ।**

**विषय : प्रदेश शिक्षा नीतिका निम्ति सुझाब सम्बन्धमा ।**

**बागमति प्रदेश सरकारले हालै प्रदेश शिक्षा नीति २०७७ को मस्यौदा बनाई नागरिकस्तरबाट सुझाब मागिरहेको परिप्रेक्षमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)ले एक छलफल आयोजना गर्‍यो । एनसिई नेपाल बागमति प्रदेश समन्वय समितिद्वारा यही २०७७ भाद्र १८ गते अनलाइन माध्यममार्फत् गरिएको 'नागरिक छलफल'मा प्रदेश शिक्षा नीतिमाथि शिक्षाविज्ञ, शिक्षक, पत्रकार, अधिकारवादी अभियन्ताहरु, विभिन्न गैरसरकारी संस्था, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकसंबद्ध संघ-संगठनलगायतका प्रतिनिधिहरु सहभागी बने । बागमति प्रदेश शिक्षा नीतिमाथि गहन छलफल गर्दै सहभागीहरुले दिएका मुख्य सुझाबहरु यस प्रकार रहेका छन् :**

## नीति र कार्यनीतिका बुँदामै थप्नुपर्ने वा स्पष्ट हुनुपर्ने प्रावधानहरु :

**३. समस्या र चुनौतीहरु :** यसमा पूरा वाक्य लेखिएको छैन । वाक्य पूरा लेखी टुङ्ग्याउनु पर्छ ।

**६. दूर दृष्टि** : दूरदृष्टिमा वाक्य पूरा बनाऔं ।

**उद्देश्य : ८.** विद्यार्थीलाई प्रयोगात्मक र अतिरिक्त क्रियाकलापमा संलग्न गराउनेखालको पाठ्यक्रम हुनुपर्ने । जस्तै, विगतमा हुनेगरेका 'वीरेन्द्र रनिङ शिल्ड' जस्ता अतिरिक्त क्रियाकलाप गराएर अहिलेको सामाजिक सञ्जाललाई प्रयोग गरी प्रतिभावान विद्यार्थीलाई 'रोलमोडल' बनाउनेखालको कार्यक्रम ल्याउनुपर्ने ।

- बालबालिकालाई प्रकृति र माटोसँग हुर्काउने प्रकारको वातावरण विद्यालयभित्रै व्यवस्थापन गर्नुपर्ने । **जस्तै : शहरका विद्यालयमा रुख, बगैंचा, हिलो/पानी** आदि हुनुपर्ने ।

**९.२ :** अनौपचारिक शिक्षाबारे नीतिबारे नीतिमा कम उल्लेख भयो । यसलाई विशेष स्थान दिनेगरी उल्लेख हुनु पर्छ ।

**९.५.२. :** तामाङ भाषाको बाहुल्य रहेको बागमति प्रदेशमा पढाइको माध्यम भाषा तामाङ पनि हुनुपर्ने ।

- बागमति प्रदेश छिमेकी देश चीनसँग जोडिएका कारण विद्यार्थीलाई चिनियाँ भाषा सिकाएर कम्तिमा भविष्यमा सीमापार व्यापार गर्नसक्ने लक्ष्य लिनुपर्ने ।
- कोभिड-१९ को महामारी वा अन्य प्रकारको विपद्मा प्राथमिक तहमा सिकाइ माध्यम (अनलाइन, रेडियो/टिभि त्यत्ति उपयुक्त नहुने विज्ञहरुको राय छ) के हुनेबारे नीतिमा बोलिनुपर्ने ।

**नीति ९.६** : 'विशिष्टिकृत विद्यालय' कस्तो प्रकारको हो ? स्पष्ट पारिनुपर्ने ।

- नीतिमा विद्यालय र विश्वविद्यालयसम्बन्धी व्यवस्था एकै ठाउँमा राखिएकाले छुट्टाछुट्टै शीर्षकमा राखी प्रदेशले गर्ने काम प्रष्ट राख्नुपर्ने । विद्यालय स्थानीय तहको अधिकारक्षेत्रमा परेकाले प्रदेशले समन्वय र सहयोग गर्ने शब्दहरु हुनुपर्ने ।

**९.८.** : पाठ्यक्रम जसले प्रयोग गर्ने हो, उसैले निर्माण गर्नसक्ने बनाउनुपर्ने ।

**९.८/९.२४.४ :** पाठ्यक्रममा विद्यालय शिक्षा र उच्च शिक्षाबीचको 'लिङ्केज' देखाउनुपर्ने ।

९.१०.१. : प्रदेश परीक्षा बोर्ड राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत हुने हो वा स्वायत्त रहने हो ? प्रदेश र संघीय बोर्डबीचको सम्बन्ध प्रष्ट पार्नुपर्ने ।

**नीति ९.१३ :** प्रदेशले नयाँ विश्वविद्यालय स्थापना गर्नुभन्दा पनि भइरहेकालाई व्यवस्थित गर्न प्राथमिकता दिनुपर्ने ।

९.१४.४. : प्राध्यापकहरुको **सरुवा गर्ने 'प्रबन्ध'** स्पष्ट हुनु पर्छ । सरुवा विश्वविद्यालयभित्रकै निकायले गर्ने हो कि सामाजिक विकास मन्त्रालयले ? नीतिमा प्रष्ट छैन । विश्वविद्यालय स्वायत्त हुने हुँदा प्राध्यापक सरुवासम्बन्धी प्रबन्ध त्यहीभित्रबाट गर्ने उल्लेख हुनुपर्ने ।

**९.१४.९ :** प्राविधिक तथा व्यावसायिक शिक्षामा छात्राको सहभागिता बढाउन छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने ।

**९.१९.२.३ :** राष्ट्रिय तथ्याङ्कमा दलित समुदाय शिक्षामा सबै हिसाबले पछि परेकाले तिनलाई गुणस्तरीय शिक्षाको पहुँचमा ल्याउन प्रदेशले विशेष कार्यक्रम घोषणा गर्नुपर्ने । जातिय भेदभाव र अपहेलनामा परेर विद्यालय छोड्नु बाध्य दलित समुदायका बालबालिकालाई पढाइमा टिकाइराख्न स्कूलमा सबैका लागि 'सद्भावना शिक्षा' कार्यक्रम लागू गर्नुपर्ने ।

**९.१९.२.३. :** अपाङ्गता भएका अति र पूर्ण अशक्त विद्यार्थीलाई आवाशीय पहुँचयुक्त विद्यालयको व्यवस्था हुनुपर्ने ।

**९.१९.४:** अपाङ्गता भएका बालबालिका २० देखि २२ प्रतिशत मात्रै विद्यालयमा जान सकेको अवस्था छ । उनीहरुका निम्ति पठन-सामग्री तथा स्रोत कक्षासम्बन्धी अपाङ्गताको प्रकृतिअनुसार तोकिएरै लेखिनुपर्ने ।

- वैकल्पिक सिकाइमा अपाङ्गता भएका बालबालिकालाई ध्यान नदिइएकोले यो विषयलाई नीतिमा समेट्नु पर्ने ।
- सीमान्तकृत वर्गका बालबालिकाका लागि समग्र (Blanket approach and supply base) मा भन्दा पनि विशिष्ट र विशेष विद्यार्थी को-को हुन भन्ने किटान गरी आवश्यकता एवं वर्गीकरणका आधारमा छुट्टाछुट्टै सुविधा व्यवस्था गरिनुपर्ने ।

**९.२० :** अनिवार्य शिक्षामा पहुँच र समावेशीकरणलाई मध्यनजर गर्नुपर्ने ।

**नीति ९.२३ :** विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित (STEAM) जस्ता विषयमा छात्राको सहभागिता बढाउन **स्टिम छात्रा छात्रवृत्ति** (STEAM Scholarship for Girls) को व्यवस्था गर्ने ।

**९.२७ :** शिक्षक-कर्मचारीको व्यवस्थापनका सम्बन्धमा शिक्षकको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा गठित शिक्षक दरबन्दी पुनर्वितरण कार्यदलले दिएको सुझाव समेटी प्रदेशको आवश्यकताबमोजिम प्रबन्ध गर्ने र विद्यालय कमर्चारीका लागि प्रचलित ऐन/नियमबमोजिम सहयोग पुऱ्याइने उल्लेख हुनुपर्ने ।

९.२७.२. : शिक्षक तथा कर्मचारी छनौट तथा सिफारिस प्रदेश लोक सेवा/शिक्षक सेवा आयोगमार्फत् व्यवस्था मिलाइनेछ भनिएको छ । तर, प्रदेश शिक्षक सेवा आयोग संघअन्तर्गत हुने हो वा प्रदेशकै छुट्टै स्वायत्त निकायका रुपमा रहने भन्नेमा नीतिमा प्रष्ट्याइनुपर्ने ।

९.२७.३. विशेष विद्यालय वा स्रोत कक्षामा विद्यार्थीको अनुपातअनुसार आयाको नियुक्ति हुनुपर्ने र उनीहरु अति न्यून तलबलाई बढाएर श्रेणीबिहीन कर्मचारीको वेतनसरह उपलब्ध गराउने प्रावधान उल्लेख हुनुपर्ने ।

- विशेष शिक्षा र स्रोत कक्षा सञ्चालित विद्यालयमा कार्यरत शिक्षकहरुलाई शिक्षण अनुमतिपत्र दिई सेवाको सुनिश्चितता गर्नुपर्ने ।

**९.२८:** प्रअ वा प्रमुखको क्षमता विकासका विषयमा नीतिमा स्पष्ट लेखिनुपर्ने ।

**९.३०.२ :** गैरसरकारी संघ-संस्थाहरुको भूमिका र सहकार्यका विषयमा अझ स्पष्ट सम्बोधन गरिनुपर्ने ।

**९.३१.४ :** निःशुल्क शिक्षामा पहुँच पुऱ्याउन प्रदेश सरकारले गर्ने कामबारे कार्यनीतिमा उल्लेख हुनुपर्ने ।

- निःशुल्क शिक्षा संविधान र आधारभूत अनिवार्य निःशुल्क शिक्षा ऐनमा व्यवस्था भएपनि यसको सुनिश्चितता गराउने कार्यसूचीबारे प्रदेश शिक्षा नीतिमा सम्बोधन हुनुपर्ने ।
- सार्वजनिक विद्यालयले पनि शुल्क उठाइरहेको अवस्थामा संविधानप्रदत्त निःशुल्क शिक्षा व्यवहारतः विरोधाभाषमा परेकाले यसलाई प्रदेश शिक्षा नीतिले प्रष्ट्याउनुपर्ने ।

**९.३१.४ :** निजी स्रोतमा खुलेका विद्यालयलाई सामुदायिकरण कसरी गर्न भन्ने सम्बन्धमा विधि पनि उल्लेख गर्नुपर्ने ।

**९.३२.४.** : भाषा प्रशिक्षण, पूर्व तयारी कक्षा, ब्रिजकोर्श जस्ता शैक्षिक कार्यक्रमको अनुमति तथा नियमन गर्ने । (**यो त स्थानीय तहकै कार्यक्षेत्रमा पर्दैन र** ?)

**९.३३. :** अन्तर समन्वयको लागि leader/Feeder स्कूलको अवधारणा अवलम्बन गर्दा अन्तर-विद्यालय सिकाइ आदानप्रदान र नजिकको उच्चतम विद्यालयले अरु स्कूललाई अनुगमन र पालिकामा रिपोर्टिङ गर्ने संयन्त्र बनाउने । अभिभावक-शिक्षक संघ/विद्यालय व्यवस्थापन समितिको नेटवर्क बनाउने र नेटवर्कबाट अभिभावक शिक्षालाई बढवा दिने ।

**१०.३. :** अनुगमनलाई प्रभावकारी बनाउन कार्ययोजनासमेत उल्लेख गर्नुपर्ने ।

**थप सुझावहरु**

- दलित, जनजाति र महिला अधिकारका विषयलाई संविधानमा प्रष्ट लेखिएपनि प्रदेश सरकारको शिक्षा नीतिमा छुटेको देखियो ।
- प्रारम्भिक बालविकास, बृहत् विद्यालय सुरक्षा र ज्ञानको फरक-फरक स्रोतका आधारमा दिइने शिक्षाका विषयलाई पनि नीतिमा समेटिनुपर्ने ।
- **तेस्रो लिङ्गीहरुको समस्या** विद्यालयमा ठूलो रहेको र भर्ना तथा परीक्षाका क्रममा परिचयपत्रमै समस्या हुने गरेकाले यसे सम्बन्धमा प्रष्ट लेख्नुपर्ने ।
- प्रविधिमा जोड गरिएपनि सबै बालबालिकामा पहुँचको सुनिश्चितता गर्नेगरी सम्बोधन गरिनुपर्ने ।
- प्रदेशमा संस्कृत शिक्षालाई नीतिमा समावेश गरिनुपर्ने । संस्कृत विद्यापीठ धेरैजसोमा राहत कोटा मात्र भएकाले साधारण विद्यालयसरह स्थायी दरबन्दी उपलब्ध गराइने उल्लेख गरिनुपर्ने ।
- प्रदेश योजना आयोगले बालविकासलाई पनि समावेश गरी एकीकृत ढङ्गले कार्यक्रम तय गर्नुपर्ने ।
- महामारी तथा विपद्मा शिक्षा व्यवस्थापन कसरी गर्ने भन्नेबारे सम्बोधन गरिनु पर्छ ।
- विद्यालय शिक्षाको लागि प्रदेशअनुसारको छुट्टै नीति आवश्यक छैन । विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र प्रदेश विश्वविद्यालयका लागि नीति आवश्यक हुन्छ । यदि राष्ट्रिय शिक्षा नीतिसँग यसको विरोधाभाष भयो भने नेपालले सात प्रकारको शैक्षिक प्रतिफलहरु तयार गर्नेछ । पाठ्यक्रमले सांस्कृतिक पक्ष र प्रदेशको आवश्यकतालाई सम्बोधन गर्नुपर्छ ।
- विश्वस्तरीय प्रतिस्पर्धा गर्न सक्ने श्रमशक्ति उत्पादनको लागि २१ औं शताब्दीका सीपहरु, नैतिक र चारित्रिक व्यक्तित्व निर्माण गर्ने शैक्षिक प्रणाली हुनु पर्छ ।
- एउटा जिल्लामा एउटा पोलिटेक्निक इन्स्टिच्युट उपयुक्त छ । विद्यालय र प्राविधिक विद्यालयलाई समायोजन गर्ने नीति हुनु पर्छ । केही जिल्लाहरुमा जस्तै चितवनमा धेरै पोलिटेक्निक इन्स्टिच्युटहरु छन् । अहिले पोलिटेक्निक इन्स्टिच्युटहरु मन्त्री र शक्तिशाली राजनेताहरुको पहुँचका आधारमा स्थापना भइरहेका छन नकि मागको आधारमा ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा अप्रेन्टिसिप विधिलाई उच्च प्राथमिकता दिनु पर्छ ।
- समस्या र परियोजनामा आधारित शैक्षिक प्रणालीमा जोड दिनु पर्छ ।
- स्टिम शिक्षा जगदेखि हुनुपर्दछ । इन्जिनियरिङ्ग, आइसिटि र डिजिटल टेक्नोलोजीमा डिप्लोमा र स्नातक गर्न चाहनेहरुका लागि विद्यालयमा स्टिमका विषयहरु अनिवार्य उपलब्ध हुनु पर्छ ।
- विशेष शैक्षिक आवश्यकता (Special Educational Needs - SEN) को मुद्दा शिक्षा नीतिमा स्पष्ट रुपमा समायोजित गर्नु पर्छ ।

उपर्युक्त सुझावहरु बागमति प्रदेश शिक्षा नीति २०७७ मा अभिलेखीकरण हुनेछ भन्ने विश्वास लिएका छौं ।

**धन्यवाद !**

.........................

**प्रकाश खतिवडा**
संयोजक
**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) बागमति प्रदेश समन्वय समिति**
हेटौडा, मकवानपुर
**१८ भदौ २०७७**